१०२८

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ५१४/२०७२/०७३

निर्णय नं. ६६७

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), नीलकण्ठ नगरपालिका कार्यालय, धादिङ्ग ................१ विपक्षी

सूचना अधिकारी, नीलकण्ठ नगरपालिका कार्यालय, धादिङ्ग ......................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले कावा नीलकण्ठ नगरपालिका कार्यालय, धादिङ्ग समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । यस सम्बन्धमा आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम नीलकण्ठ नगरपालिका कार्यालय, धादिङ्गलाई मिति २०७२।०७।२९, च.न ५४२ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त नीलकण्ठ नगरपालिका कार्यालय, धादिङ्को मिति २०७२।०९।२४, च.नं.६३३६, प.सं. ०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोग र पुनरावेदकलाई प्रेषित गरी पठाएको देखिएको यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।